सर्वोच्च अदालत
काठमाडौं

# सर्वोच्च अदालतबाट जारी भएको सूचना

मिति २०७७।०२।२१

कोरोना भाइरस (कोभिड-१९) का कारण जारी भएको बन्दाबन्दी (लकडाउन)को अवधिमा अदालतहरुको काम कारवाही तथा सेवा प्रवाह सम्बन्धमा सर्वोच्च अदालत, पूर्ण बैठकको मिति २०७६।१२।०७ लगायत विभिन्न मितिमा बसेका बैठकबाट आवश्यक निर्णयहरु भई त्यस प्रकारका काम कारवाहीहरुमा समयानुकूल पुनरावलोकन वा थपघटसहित व्यवस्थापन हुँदै आएको विदितै छ।

यसप्रकार सर्वोच्च अदालतबाट बन्दाबन्दीको अवधिमा सम्पादन गर्ने गरी मिति २०७६।१२।०७ लगायतका मितिमा भएका पूर्ण बैठकका निर्णयहरु अनुरुपको व्यवस्थापनलाई निरन्तरता दिंदै आएको र मिति २०७६।१२।२८, २०७७।०१।१४, २०७७।०१।२८ र २०७७।०२।१५ समेतका पूर्ण बैठकबाट पुनरावलोकनका निवेदनहरु, बन्दाबन्दीको अवधिमा पर्न आउने रिटको दर्ता र सुनुवाई, नेपाल सरकार निवेदक भएका- दोहोऱ्याई पाउँ भन्ने निवेदन/ पुनरावेदनको अनुमतिको निवेदन तथा विपक्षी झिकाउने आदेश भईनसकेका नेपाल सरकारबाट परेका पुनरावेदन तथा साधक जाँचका मुद्दाहरुसमेत सुनुवाई गर्ने निर्णय भई यस अवधिमा दर्ता भएका रिटको सुनुवाई बाहेक थप भएका उल्लिखित काम कारवाही हुँदै आएको व्यहोरासमेत अवगत नै छ।

सर्वोच्च अदालत पूर्ण बैठकको मिति २०७७।०२।१५ मा भएको निर्णयबाट सर्वोच्च अदालत लगायत सबै तहका अदालत र न्यायाधीकरणहरुबाट सम्पादन हुने काम कारवाहीका सम्बन्धमा यस अघिका पूर्ण बैठकका निर्णयबमोजिमको व्यवस्थापनलाई निरन्तरता दिंदै महामारी र जोखिम अवस्थाको आंकलन तथा स्वास्थ्य सुरक्षा सम्बन्धी निर्धारित मापदण्डको अवलम्बन सहित मुद्दाका पक्ष वा सेवाग्राहीको उपस्थितिलाई मध्यनजर गरी मिति २०७७।०२।१५ को बृहत् पूर्ण इजलासको आदेशको कार्यान्वयनमा एकरुपता आउने र आदेशबमोजिमको सुविधा प्राप्त गर्ने कुरामा प्रतिकुल प्रभाव नपर्ने गरी सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत र न्यायाधीकरणहरुबाट बन्दाबन्दीको अवधिमा थप गर्न सकिने काम कारवाही र सेवा प्रवाहका सम्बन्धमा सम्भाव्यता र उपयुक्तताको आधारमा प्राथमिकिकरण गरी सम्बन्धित अदालतबाट आवश्यक व्यवस्था मिलाई कार्य गर्दैं जाने निर्णय भएको सन्दर्भमा सर्वोच्च अदालतमा देहायबमोजिमका विषयहरुको कारवाही र सुनुवाई मिति २०७७।०२।२२ गतेदेखि क्रमशः गर्दैं जाने गरी व्यवस्था मिलाइएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ :

<u>देहाय</u>

(क) बन्दाबन्दीको अवधिमा दर्ता हुन आएका रिट निवेदनहरुको कारवाही र सुनुवाई।

सर्वोच्च अदालत
काठमाडौं

(ख) सम्बन्धित पक्ष वा कानून व्यवसायी उपस्थित हुन सक्ने अवस्थाका मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिमका निवेदनको कारवाही र सुनुवाई।

(ग) पक्ष वा कानून व्यवसायी उपस्थित हुनसक्ने अवस्थाका यस अदालतबाट भएका दरपीठ आदेशउपरको कारवाही र सुनुवाई।

(घ) बन्दाबन्दीको अवधिभन्दा अगाडिनै दर्ता भई कारवाहीयुक्त अवस्थामा रहेका पक्ष वा कानून व्यवसायी उपस्थित हुनसक्ने अवस्थाका बन्दीप्रत्यक्षीकरणका निवेदनहरुको सुनुवाई।

(ङ) कानून व्यवसायी नियुक्त नगरेका थुनामा रहेका व्यक्ति पुनरावेदक भई सुनुवाईको लागि निजको सहमति भएको र वैतनिक कानून व्यवसायीमार्फत् प्रतिनिधित्व हुनसक्ने अवस्थाका मुद्दाको कारवाही र सुनुवाई।

(च) नेपाल सरकार पुनरावेदक भएका मुद्दामा प्रत्यर्थी झिकाउने आदेश भई प्रतिवादीले म्याद गुजारी मिति २०७६।१२।०९ अगावै थाम्ने थमाउने अवधि व्यतित भएको अवस्थाका मुद्दाहरुको कारवाही र सुनुवाई।

(छ) पक्ष तारिखमा नरहेका वा तारिख गुजारी मिति २०७६।१२।०९ भन्दा अगावै थाम्ने थमाउने म्याद समाप्त भएका कानून व्यवसायी मुकरर नभएका वा कानून व्यवसायीको उपस्थिति हुनसक्ने अवस्थाका मुद्दाहरुको कारवाही र सुनुवाई।

(ज) मिलापत्र र मुद्दा फिर्ता सम्बन्धी कारवाही।

देवेन्द्र ढकाल
उपरजिस्ट्रार